# स्थानीय सरकार
# सूर्यविनायक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कटुञ्जे, भक्तपुर, वागमती प्रदेश, नेपाल

पत्र संख्याः-

चलानी नं.:-

**X-ray film र Lab Reagents खरिद सम्बन्धी विद्युतीय बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः- २०८२।०६।०९)**

यस कार्यालयको चालु आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस नगरपालिका अन्तर्गत सूर्यविनायक नगर अस्पताल, जगातीको लागि आवश्यकताका आधारमा **X-ray film र Lab Reagents** बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक र योग्य फर्महरुले तपशिलमा उल्लिखित शर्त बमोजिम विद्युतीय बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

१. विद्युतीय बोलपत्र तपशिलका प्याकेज अनुसार छुट्टा छुट्टै दस्तुर रु ३०००। (अक्षेरुपी तीन हजार रुपियाँ मात्र) का दरले फिर्ता नहुने गरी यस सूर्यविनायक नगरपालिकाको NIC ASIA BANK सूर्यविनायक भक्तपुरमा रहेको आन्तरिक राजश्व खाता नं ग-१-१-००८२०५००४२१२०००३ मा दाखिला गरेको सक्कले भौचर र देहाय बमोजिमको धरौटी रकम NIC ASIA BANK सूर्यविनायक भक्तपुरमा रहेको धरौटी खाता नं ग-३-००८२०५००४२१२००१७ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त बैंक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नुपर्नेछ । बोलपत्र दाताको बोलपत्र स्वीकृत भएपछि प्रचलित नियम अनुसारको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ । नगद धरौटी राखिएकोमा कार्यसम्पादन जमानत परिवर्तन गर्न पाइनेछैन ।

२. बोलपत्र खरिद कर्ताले कम्पनी/फर्म दर्ता प्रमाण पत्र, बिक्री इजाजत पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आर्थिक वर्ष २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि पेश गर्नुपर्नेछ ।

३. बोलपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको भनी लिखित स्व घोषणापत्र पेश गर्नुपर्नेछ ।

४. बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको मितिको ३२ औं दिन (मिति २०८२।०७।०९ गते) दिनको १२:०० भित्र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्नुपर्नेछ ।

५. तोकिएको समय भित्र रितपूर्वक दर्ता हुन आएका विद्युतीय बोलपत्र सोही दिनको अपरान्ह १२:३० बजे देखि बोलपत्र दाताको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र दाताका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. बोलपत्र बिद्युतीय माध्यमबाट पेश गर्ने अन्तिम दिन बिदा परेमा विदा पछि लगत्तै कार्यालय खुलेको दिन सूचनामा तोकिएको समय भित्र विद्युतीय बोलपत्र पेश गर्न सकिनेछ ।

७. X-ray film र Lab Reagents सामाग्रीहरु खरिद गर्दा Certified Company बाट उत्पादित मात्र खरिद गरिनेछ ।

# स्थानीय सरकार
# सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कटुञ्जे, भक्तपुर, वागमती प्रदेश, नेपाल

पत्र संख्याः-

चलानी नं.:-

८. आपूर्ति हुने X-ray film र Lab Reagents सामाग्रीहरुको Expiry Date स्टोर दाखिला हुन आएको मितिमा कम्तीमा १२ महिना बाँकी हुनु पर्नेछ ।

९. सूर्यविनायक नगर अस्पताल सम्म X-ray film र Lab Reagents ढुवानी वापत लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्र दाताले नै व्यहोर्नु पर्नेछ ।

१०. बोलपत्रदाताले उपलब्ध गराउने X-ray film र Lab Reagents सामाग्री स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित दरभाउपत्र प्रयोजनका लागि जारी गरिएको सक्कल आधिकारिक पत्र र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणका लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै आधिकारिक पत्र र सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

११. बोलपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर समेतको मुल्य समावेश गरी पेश गर्नुपर्नेछ ।

१२. बोलपत्र मुल्यांकन गर्दा Package wise/Item wise का रुपमा मुल्यांकन गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने र पूर्ण रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१३. यो सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र सूचनामा उल्लेखित नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुनेछ ।

तपशिलः

| क्र. सं. | बोलपत्र नं. | विवरण | बैंक जमानत रकम रु | बैंक जमानतको म्याद | बोलपत्र दस्तुर रकम रु (फिर्ता नहुने गरी) |
|---|---|---|---|---|---|
| १ | SBM/Xray/01/082/083 | 10x12 x-ray film, SD-S Packet for Konica | ६०,०००। | १२० दिन | ३,०००। |
| २ | SBM/Lab/01/082/083 | Reagents, spare parts and consumables for Fully Automated Biochemistry Analyzer (Mispa CXL Pro Plus) | ८०,०००। | १२० दिन | ३,०००। |
| ३ | SBM/LAB/02/082/083 | Reagents, spare parts and consumables Automatic Chemiluminescence Immunoassay System (CLIA) (MAGLUMI X3) | २,००,०००। | १२० दिन | ३,०००। |

प्रमुख प्रशासकीय अधिकृत